जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.वि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक १९७ २०८१ साल फागुन २२ गते बिहीबार (6 Mar. 2025 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : विश्व शान्ति कायम ... ३ पृष्ठमा : एनआरएनएमा एकता : आजको ... ३ पृष्ठमा : ट्रम्प : जेलेन्स्की रूससँग ...

## विद्यार्थी माथि यौन दुर्व्यवहार गरेका आरोपमा शिक्षक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २१ फागुन ।**

विद्यार्थीमाथी यौन दुर्व्यहार गरेको आरोपमा सप्तरीका एक विद्यालयका शिक्षक पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा जिल्लाको सप्तकोशी नगरपालिका २ सिद्धिपुरस्थित गोवर्द्धन वैरागी जनता उच्च माध्यमिक विद्यालयका शिक्षक रमेश कुमार राउत छन् ।



उक्त विद्यालयमा करार सेवामा शिक्षक पदमा कार्यरत ३३ बर्षीय राउतले मंगलवार कक्षा १० मा अध्ययनरत एक छात्रा माथि विद्यालयको कोठामा यौन दुर्व्यवहार गरेको पाइएको प्रहरीको भनाई छ ।

प्राक्टिकल विषयमा राम्रो अंक दिने र सोही बिषयमा केही कुरा गर्नुछ भन्दै कक्षाकोठामा लगि यौन दुर्व्यबहार गर्न थालेपछि आफू चिच्याएको पीडित छात्राले प्रहरी समक्ष बयान दिएकी छिन् । छात्राले हल्ला गरेपछि पुगेका विद्यार्थी र अभिभावकले शिक्षक राउतलाई नियन्त्रणमा लिई प्रहरीलाई खवर गरेका थिए ।

उक्त घट्ना पीडित छात्राका आफन्तले बुधबार इलाका प्रहरी कर्यालय कंचनपुरमा शिक्षक राउत विरुद्ध उजुरी दिएका छन् । इलाका प्रहरी कार्यालय कंचनपुरका प्रहरी नायव उपरीक्षक महेन्द्र नेपालले पक्राउ परेका शिक्षक राउतलाई बुधवार सप्तरी जिल्ला अदालतबाट म्याद थप गराई यौन दुर्व्यवहार कसुरमा अनुसन्धान अघि बढाईएको जानकारी दिए ।

विद्यालयका प्रधानाध्यापक चिरञ्जिबी पौडेलले छात्रामाथि यौन दुर्व्यवहार गरेको आरोपमा पक्राउ परेका शिक्षक राउतलाई व्यबस्थापन समितिको बैठकबाट निलम्बन तथा अन्य कारवाहीका लागि पहल गरिने बताए ।

## रिंकुको बलात्कार र ज्यान गएको घटनाका मुख्य आरोपी पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, २१ फागुन ।**

सिरहाको नवराजपुर गाउँपालिका भगवानपुरकी रिंकु सदाको बलात्कार र ज्यान गएको घटनाका मुख्य आरोपीलाई प्रहरीले पक्राउ गरेको छ ।

घटना भएको २१ दिनपछि लुकिछिपी बस्दै आएको सूचनाको आधारमा सिरहा नगरपालिका वडा नं. १७ बाट बुधबार मुख्य आरोपी रुपेश मण्डललाई पक्राउ गरेको सिरहा प्रहरी प्रवक्ता बीरेन्द्रकुमार पासबानले जानकारी दिए ।

गत माघ ३० गते रिंकु आफ्नै घरमा झुण्डिएको अवस्थामा मृत भेटिएकी थिइन् । रिंकु मृत भेटिएको समयदेखी नै मण्डल फरार थिए ।

मृत्युअघि उनी शौच गर्न जाँदा चारजना युवकले सामूहिक बलात्कार गरेको उनले बताएकी थिइन् । त्यसपछि उक्त बलात्कारको घटनालाई गाउँमा पञ्चायत बसेर मिलापत्र गराइएको थियो । रिंकु मृत भेटिएपछि उनको परिवारले मण्डलसहितका विरुद्ध प्रहरीमा जाहेरी दिएका थिए ।

यसअघि भने यो घटनामा पञ्चायतीमा सहभागी भएका तीन जनालाई प्रहरीले पक्राउ गरिसकेको छ । पक्राउ परेका सबैलाई प्रहरी हिरासतमा राखी थप अनुसन्धान भइरहेको सिरहा प्रहरीले जानकारी दिएको छ ।

## मधेस कृषि विश्वविद्यालयका उपकुलपति र रजिष्ट्रारलाई पदबाट निलम्बन




**दैनिक समाचारदाता**
**राजविराज, २१ फागुन ।**

मधेस कृषि विश्वविद्यालयका उपकुलपति डा. बैजनाथ महतो र रजिष्ट्रार श्रीभगवान ठाकुरलाई पदबाट निलम्बन गर्ने निर्णय भएको छ ।

विश्वविद्यालयसभा (सिनेट) बैठकबाट उपकुलपति र रजिष्ट्रारलाई पदबाट निलम्बन गर्ने निर्णय पारित भएको हो ।

विश्वविद्यालयका कुलपतिसमेत रहेका प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहको उपस्थितमा जनकपुरधाममा भएको सिनेटको बैठकबाट बहुमतले पारित भएपछि डा महतो र ठाकुरलाई निलम्बन गरिएको हो ।

प्रदेश सरकारका नीति तथा योजना आयोगका उपाध्यक्ष डा सोहनप्रसाद साहको नेतृत्वमा गठित तीन सदस्य समितिले गत असोज ७ मा बुझाइएको प्रतिवेदनका आधारमा दुवैजना विश्वविद्यालयको अनाधिकृत गतिविधिमा संलग्न रहेको पाइएकाले सिनेटबाट दुवैलाई बर्खास्त गर्ने निर्णय भएको जनाइएको छ ।

मङ्गलबार अबेर रातिसम्म चलेको बैठकमा विश्वविद्यालयका कुलपति एवं मुख्यमन्त्री सिंह, सहकुलपति एवं शिक्षा तथा संस्कृतिमन्त्री तिवारीलगायत विश्वविद्यालय सिनेटका पदाधिकारी तथा सदस्यहरू सहभागिता थियो ।

चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम पनि बैठकबाट पारित भएको थियो । लामो समयदेखि सभा नहुँदा विश्वविद्यालयमा आर्थिक कारोबार ठप्प भएपछि विश्वविद्यालयका पदाधिकारी तथा कर्मचारीले तलब पाउन सकेका थिएनन् ।

सेवा प्रदायकहरूले बक्यौता रकम नपाउँदा शैक्षिक सामग्री, इन्धन, विद्युत्, पानी, सञ्चारलगायत सेवा अवरोध गरेका छन् भने यहाँ अध्ययनरत कृषि विज्ञानका दुई सेमेस्टरका एक सय विद्यार्थीको नियमित पढाइ भएको छैन । नियमित पठनपाठन गराउने तथा विद्यमान समस्या समाधान गर्नका लागि यो बैठक बसेको बताइएको छ ।

## संगठित अपराध तथा गाजा बरामदको घटनाप्रति गम्भिर हुन प्रजिअलाई ज्ञापन



**दैनिक समाचारदाता**
**राजविराज, २१ फागुन ।**

सप्तरी जिल्लामा संगठित अपराध मौलाउँदै जाँदा सुरक्षा अवस्था सुदृढ हुन नसकेको तथा ठूलो मात्रामा गाजा बरामद भएको घटनाप्रति गम्भिर हुन भन्दै युथ नेपाल सप्तरीले बुधबार प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई ज्ञापनपत्र बुझाएको छ ।

***बाँकी अन्तिम पृष्ठमा***

**क्षयरोगबाट बचौं, बचाऔं ।**

समयमै उपचार गरे क्षयरोग निको हुने रोग हो । यसको जाँच र औषधी निःशुल्क प्राप्त हुन्छ । नजिकको स्वास्थ्य चौकीमा सम्पर्क गरौं । फोक्सोको क्षयरोग सरुवा रोग हो । धुमपान करत हरान । मद्यपान लेत जान ।

नेपाल क्षयरोग निवारण संस्था सप्तरी शाखा ।

**अपाङ्गताका आधारमा हुने विभेदको अन्त्य गरौं**

- अपाङ्गता भएका व्यक्तिको मानवअधिकार सुनिश्चित गरौं,
- अपाङ्गताको आधारमा गरिने भेदभाव सार्वजनिक अपराध हो, यस्ता भेदभावको अन्त्य गरौं,
- सार्वजनिक निकायका पूर्वाधार र सेवा प्रवाह अपाङ्गमैत्री बनाऔं,
- सार्वजनिक विद्युतीय सूचना प्रणाली र संचारलाई अपाङ्गतामैत्री बनाऔं,
- अपाङ्गताको आधारमा गरिने हरेक विभेद विरुद्ध खुलेर बोल्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### अखाध्य बस्तुप्रति सचेत रहौं

अहिले विभिन्न स्थानमा अखाध्य बस्तुहरु निकै मात्रामा पाइने गरिएको छ । विभिन्न खाद्यान्नहरुमा मिसवाट बढ्दै गएको छ । खाने बस्तुदेखी लिएर शरीरमा प्रयोग गर्ने बस्तुहरुमा मिसावट भएको देखिन्छ । चामल, दाल, तरकारी, गेडागुडी, मासु, दुधमा मिसावट बढ्दै गएको छ । यति मात्र नभएर पेट्रोल, डिजेल, मदिरा, मिठाई सहितका सामानमा पनि मिसावट भइरहेको छ । स्थानीयस्तरमा उत्पादन हुने वस्तुहरुमा खुल्लेआम मिसाबट हुँदै आएको छ । २० किलोको प्याक भएको चामल खरिद गर्दा झण्डै ४ देखी ५ सय ग्रामसम्म अखाद्य वस्तु अर्थात साना साना ढुंगाका टुक्राहरु मिसावट हुने गरेको छ । खसीको मासुमा बाखाको मासु, तोरीको तेलमा अन्यको तेल, दुधमा पर्याप्त पानी र कमी भए अखाद्यय पाउडर, खुर्सानीको धुलो र बेसारको धुलोमा इँटाको धूलो मिसाइने गरिएको पाइएको छ ।

यस्तै हरियो तरकारीलाई आकर्षक र ताजा बनाउन अत्यधिक तरकारीको रंग जस्तै अन्य रंगको प्रयोग हुँदै आएको छ । व्यक्तिको स्वास्थ्यमा नकारात्मक असर पार्ने रंगको प्रयोग हरेक किसिमको हरियो तरकारीमा व्यापारीहरुले गर्दै आएका छन् । यसर्थ खाद्यान्न खरीद गर्दा उपभोक्ताले सुरुमै चेकजाच गरेर मात्र खरीद गर्नुपर्छ । यस्तै शरीरमा प्रयोग गरिने साबुन, तेल, टुथपेष्ट लगायतका बस्तुमा पनि मिसावट भएको पाइन्छ ।

यसरी लगातार खाद्यवस्तुमा मिसाबट भइरहने हो भने व्यक्तिको स्वास्थ्यमा गम्भिर असर पर्न जान्छ । तसर्थ उपभोक्ताको स्वास्थ्यसँग खेलवाड गर्नेलाई कानुनी कारवाहीका साथै सम्बन्धीत निकायले अग्रसरता देखाउनु पर्ने आवश्यक रहेको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# विश्व शान्ति कायम गर्न प्रेरित गर्दै बौद्ध गुरुहरू

**कृष्णराज गौतम**
लुम्बिनी, २१ फागुन (रासस) ।

विश्व सम्पदामा सूचीकृत लुम्बिनी क्षेत्रमा बौद्ध गुरुहरूले अहिले विश्व शान्ति कायम गर्न अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गरेका छन् । अखिल नेपाल भिक्षु महासङ्घको आयोजनामा जारी चौथो त्रिपिटक वाचन समारोहमा सहभागी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बौद्ध धर्म गुरुहरूले विश्व शान्ति तथा मानव कल्याणका लागि गरेको कामनाले सबैको ध्यानाकर्षण गराएका हुन् । समारोहमा नेपाल, भारत, श्रीलङ्का, कम्बोडिया, थाइल्याण्ड, चीन, कोरीया, जापानलगायत १६ देशका लामा, बौद्ध भिक्षुभिक्षुणी गरी करिब दुई हजारको सहभागिता रहेको छ ।

महासङ्घले मुलुकमा धार्मिक पर्यटन प्रवर्द्धनका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा बौद्ध साहित्यको प्रचारप्रसार गर्ने उद्देश्यले बुद्ध जन्मस्थल लुम्बिनीस्थित मायादेवी मन्दिर परिसरमा यही फागुन २० देखि २५ गतेसम्म शुरु गरिएको आध्यात्मिक कार्यक्रममा बुधबारदेखि चौथो अन्तर्राष्ट्रिय त्रिपिटक पाठ गरिएको हो । उपप्रधान एवम् सहरी विकासमन्त्री प्रकाशमान सिंह, लुम्बिनी विकास कोषका अध्यक्ष लाह्र्याक्याल लामा र महासङ्घका अध्यक्ष भिक्षु बोधिसेन महास्थविरले दीप प्रज्ज्वलन गरी कार्यक्रम शुभारम्भ गर्नुभएको हो ।

शाक्यमुनि बुद्धले बोधिसत्व प्राप्त गरेपछि करिब ४५ वर्षसम्म विभिन्न स्थानमा निरन्तर प्रदान गरेका उपदेश तथा आध्यात्मिक ज्ञान सग्रहित ग्रन्थ त्रिपिटक हो । महासङ्घका कोषाध्यक्ष भिक्षु बोधिज्ञानले विश्वका विभिन्न शक्ति राष्ट्रबीचको द्वन्द्व अन्त्य गरी सुखपूर्वक मानिसको जीवनयापनको अधिकारलाई सुनिश्चित गर्न यस्ता आध्यात्मिक गतिविधि महत्वपूर्ण हुने विचार व्यक्त गर्नुभयो ।

अभिधर्म, सूत्र र विनय गरी तीन भागमा वर्गीकरण गरिएको त्रिपिटकलाई बौद्ध साहित्यमा मूल ग्रन्थ मानिएको छ । उक्त ग्रन्थलाई विभिन्न भाषामा अनुवाद गरिएको छ । थेरवाद, महायानलगायत सबै सम्प्रदायका बौद्ध धर्मावलम्बीले अवलम्बन गर्ने यो ग्रन्थलाई सम्बन्धित सम्प्रदायको धार्मिक प्रभावअनुसार अभ्यास गर्ने गरेको पाइन्छ । बुद्धले बोधगयामा बुद्धत्व प्राप्त गरेका थिए । त्यसपछिका ४५ वर्ष उनले मानिसहरूलाई धर्म-दर्शन तथा सामाजिक जीवनका कुरा बताए । बुद्धका ती उपदेशलाई उनीहरू 'बुद्ध वचन' का रूपमा स्मृतिमा सँगाल्थे र छलफल समेत गर्थे । तर त्यसबेला लिपिबद्ध गर्ने काम हुन सकेन ।

बुद्ध वचनको सङ्ग्रह त्रिपिटकअन्तर्गतका विनय पिटक, सूत्र पिटक र अभिधम्म पिटकको वाचन गरिएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भिक्षु तथा धर्मगुरुले सूत्रपिटकअन्तर्गतको दीर्घ निकायको बह्मजाल सूत्र वाचन गरेर त्रिपिटक वाचनको सुरुआत गरेका हुन् । पाली भाषामा लेखिएको त्रिपिटक ग्रन्थलाई विभिन्न भाषामा अनुवाद गरिएको छ । यस ग्रन्थमा भगवान् बुद्धद्वारा बुद्धत्व प्राप्त गर्दाको समयदेखि महापरिनिर्वाण हुनुअघिसम्म दिएका प्रवचन सङ्ग्रह गरिएको छ । पाली भाषामा लेखिएको त्रिपिटकमा ८४ हजार धार्मिक उपदेश समावेश गरिएका छन् । तिनै सङ्ग्रहको एकमुष्ट समूहलाई नै बुद्धधर्मको अमूल्य र पवित्र ग्रन्थ मानिएको हो । शान्ति, अहिंसा, कुशल कार्य र मन शुद्धीकरण गर्नका लागि त्रिपिटकको ज्ञान र अध्ययन आवश्यक छ । त्रिपिटक बौद्ध धर्मको एउटै ग्रन्थ नभई गौतम बुद्धका उपदेश, वचन र सूत्रको तीन थरी दृष्टिकोण हो ।

लुम्बिनी बौद्ध विश्वविद्यालयका रजिस्ट्रार तिलकराम आचार्यले अन्तर्राष्ट्रिय समुदायलाई लुम्बिनीका पुरातात्विक महत्वका सम्पदास्थलबारे प्रचार तथा तीर्थाटनलाई प्रेरित गर्न, बौद्ध शिक्षा, साहित्य तथा दर्शनको महत्वबारे जानकारी गराउन त्रिपिटक वाचन कार्यक्रमले सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा बुद्ध वचनको सग्रह त्रिपिटकअन्तर्गतका विनय पिटक, सूत्र पिटक र अभिधर्म पिटकको वाचन गरिनेछ । धर्म र विनयको सङ्कलनसहित प्रथम सङ्गायन सम्पन्न भएको एक शताब्दीभित्र बौद्ध धर्ममा विभिन्न फरक मतहरू देखा पर्न थाले । प्रथम संगायनदेखि विभिन्न बौद्ध उपदेशलाई सङ्ग्रह गरिएको भए पनि विभिन्न समयमा भएका संगायनपछि विनयलाई तीन पटक विभाजित गरेको पाइन्छ । त्रिपिटक बाचनले गुन्जिएको ग्रन्थले त्यस आसपास क्षेत्रमा सहभागीलाई शान्ति तथा आनन्दको अनुभुति गराएको पाइएको छ ।

बौद्ध साहित्य तथा दर्शनको विकास क्रममा विभिन्न प्रकृतिका मानिस भिक्षु सङ्घमा प्रवेश गरेकाले पनि विवाद आएको पाइन्छ । सम्राट अशोकले भिक्षु सङ्घलाई एकीकरण गर्ने उद्देश्यले महास्थविर मोग्गली पुत्त तिस्सको अध्यक्षतामा पाटलिपुत्रमा तृतीय संगायन गरेको इतिहास पाइन्छ । यो संगायन बुद्धधर्मको इतिहासमा निकै महत्वपूर्ण भएको मानिन्छ । यस संगायनले पारित गरेका नियम अनुसार बुद्ध दर्शनको प्रचार-प्रसार गर्न भिक्षुहरूलाई विश्वका विभिन्न मुलुक पठाएपछि यो धमका रुपमा संसारभर फैलिएको हो ।

सम्राट अशोकलाई बौद्धमार्गी बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेका भिक्षु मोगालीपुत्र तिष्य महास्थविरले पाटलीपुत्रमा लगभग ईसापूर्व २४९ अर्थात गौतम बुद्ध महापरिनिर्माण भएको २३६ वर्षमा सम्राट अशोकको समयमा तृतीय बौद्ध सङ्गायन सफलतापूर्वक सम्पन्न गरेका थिए । मोगालीपुत्र तिष्यले धर्म र विनयमा राम्रो ज्ञान हासिल गरेका कारण उनको नेतृत्वमा करिब एक हजार भिक्षुले पाटलिपुत्रमा करिब नौ महिनाको समयावधिमा बौद्ध धर्मका तीनैवटा पिटकहरूको सङ्कलन गरिएको हो । उक्त सङ्गायन स्थविरवादीहरूको सङ्गायन थियो । अहिले आधिकारिक पाली त्रिपिटकको आधार यही सङ्गायनले तय गरेको थियो ।

बुद्धको महापरिनिर्वाणपछि भिक्षु महाकाश्यप महास्थविरको नेतृत्वमा पहिलो संगायन सम्पन्न गरिएको थियो । बुद्धका उपदेश संरक्षण गर्ने उद्देश्यले भएको उक्त संगायनमा सातसय अर्हत भिक्षुसहित ती उपदेश सङ्कलन गर्न थालियो । बुद्धले आफूले विभिन्न ठाउँमा दिएका उपदेश तीक्ष्ण स्मरणशक्ति भएका भिक्षु आनन्दलाई सुनाउने गरेका थिए । प्रथम संगायनमा यिनै भिक्षु आनन्दले सुनाएका उपदेश भिक्षु सङ्घबाट अनुमोदन गरिएका थिए । ती उपदेश त्रिपिटकभित्रको 'सूत्र पिटक' मा सुरक्षित रहेको मानिन्छ । सङ्घमा बुद्धद्वारा निर्दिष्ट नीतिनियमलाई बौद्ध धर्मलाई कालजयी बनाउन नीतिनियमलाई भिक्षु सङ्घले सङ्ग्रह गरेको हो ।

लुम्बिनी बौद्ध विश्वविद्यालयका उपप्राध्यापक इन्द्र काफ्लेका अनुसार बौद्ध दर्शनसम्बन्धी गम्भीर कुरा 'अभिधम्म पिटक' मा सङ्कलित छन् । 'अभिधम्म पिटक' को विषयवस्तु भिक्षु महाकाश्यपको रचना मानिन्छ । केही विद्वानले प्रथम संगायनपछि मात्रै यसको रचना भएको मानेका छन् । त्यसैगरी बैशालीमा दोस्रो संगायन सम्पन्न गरिएपछि असन्तुष्ट पक्षलाई कारवाही गरिएको थियो । उक्त कारवाहीमा परेकाले महासाङ्घिक भेला गरेर महायानी सम्प्रदायको विकास भएको पाइन्छ । तेस्रो सङ्गायनपछि श्रीलङ्का पुगेको त्रिपिटक नै हालको पालि त्रिपिटकको आधार बन्न पुग्यो । सम्राट् अशोकले आफ्नी अर्की छोरी चारूमतीलाई धर्मप्रचारका लागि नेपाल पठाएको इतिहास भेटिन्छ ।

सम्राट अशोकले लुम्बिनी र कपिलवस्तु दुई स्थानमा अशोक स्तम्भ राखेको ठाउँ पहिचान भएको र कनकमुनि बुद्धको जन्मस्थल निगालिकोटमा प्रदेश सरकारले कनकमुनी बुद्धको प्रतिमा राख्ने योजना बनाएको जनाइएको छ । सम्राट अशोकले बौद्ध धर्म विकास तथा प्रचार प्रसारमा विशेष योगदान गरेको पाइन्छ । तेस्रो बौद्ध सङ्गायनले बौद्ध धर्ममा देखिएका टुटफुट, विभाजन र अधार्मिक गतिविधिलाई अन्त्य गरी धार्मिक शुद्धता कायम गरिएको थियो । समयको विकास क्रमसँगै स्थविरवादभित्रै पनि सामान्य असमझदारी देखिन थालेपछि धर्मको नियम र विनयलाई कडाइका साथ पालना गरियो ।

बौद्ध साहित्यको विकासक्रममा पहिलो संगायनदेखि छैठौंसम्मका संगायन गौतमबुद्धका शिष्य, तथा अनुयायीबाट भएको पाइन्छ । 'त्रिपिटक' अन्तर्गत 'सूत्र पिटक' मा दीर्घ निकाय, मज्झिम निकाय, संयुक्त निकाय, अङ्गुत्तर निकाय जस्ता विशाल ग्रन्थ छन् । यही पिटकअन्तर्गतको खुद्दक निकाय एउटै ग्रन्थ नभएर खुद्दकपाठ, धम्मपद, उदान, यतिवुत्तक, सुत्तनिपात, विमानवत्थु, थेरगाथा, थेरीगाथा, जातक, निद्देश, महानिद्देश र चुल्लनिद्देश, पटिसम्भिदामग्ग, अपदान, बुद्धवंश, चरिया पिटकजस्ता ठूला-साना ग्रन्थलाई एकीकृत गरिएको हुन्छन् । 'विनय पिटक' भित्र पाराजिकपालि, पाचित्तियपालि, महावग्गपालि, चुल्लवग्गपालि र परिवारपालि हुन्छन् । यस्तै, 'अभिधम्म पिटक' मा धम्मसङ्गिणिपालि, विभङ्गपालि, धातुकथापालि, पुग्गपञ्ञत्ति, कथावत्थुपालि, यमकपालि, पट्ठानपालि हुन्छन् ।

समारोहमा सहभागी हुन काठमाडौंस्थित नयाँ बानेश्वरबाट आउनु भएका समाजसेवी तथा शिक्षक प्रदीप शाक्यले थेरवादी सम्प्रदायसँग सम्बन्धित त्रिपिटक पूरानो ग्रन्थ भएको बताउँदै महायानी सम्प्रदायले मौलिक संस्कृत भाषामा रहेका अन्य ग्रन्थलाई आधार मान्ने गरेको जानकारी दिनुभयो । महायानीले 'कंग्यूर' र 'तेंग्यूर'लाई मूलग्रन्थ मानेका छन् । यसमा सूत्र र शास्त्रको वर्गीकरण गरिएको छ । बुद्धका उपदेशलाई सूत्र जसलाई कंग्यूर तथा सोही सूत्रको आधारमा विभिन्न विद्वानले गरेको व्याख्यालाई शास्त्रलाई तेंग्यूरका रुपमा व्याख्या गरिएको छ । बौद्ध साहित्यमा 'त्रिपिटक' बाहेक अन्य ग्रन्थहरू पनि समावेश गरिएकाले सामान्य रुपमा मानिसलाई चार आर्य सत्य, पञ्चशील, अष्टशिलको अध्ययन जीवनउपयोगी हुन सक्छ ।

बोधिसत्व प्राप्त गर्ने विषयलाई लिएर हिनयान र महायानी बौद्ध दर्शनमा भिन्न दृष्टिकोण पाइन्छ । अर्हत्व प्राप्त गर्ने विषय थेरवादको उद्देश्य हो भने महायानीले बोधिसत्व प्राप्त गर्ने विषयलाई प्रमुख दृष्टिकोण बनाएका छन् । सिद्धार्थले बुद्धत्व प्राप्त गरेपछि शाक्यमुनि बुद्धका रुपमा परिचित भए । विश्व ब्रम्हाण्डका समग्र जीव प्राणीको कल्याण गर्ने तथा जीवन र दर्शनलाई हेर्ने दृष्टिकोण नै बौद्ध दर्शनका रुपमा विकास भएको पाइन्छ ।

बुद्ध जन्मस्थल लुम्बिनीमा चौथोपटक अन्तर्राष्ट्रिय सामूहिक त्रिपिटक वाचन शुरु भएको उक्त कार्यक्रममा आध्यात्मिक एवं धार्मिक गतिविधिले त्यस क्षेत्रको महिमा थप उचाइमा पुगेको छ । करिब डेढ दशकदेखि भारतको बोधगयामा हुँदै आएको छ । सामूहिक वाचनमा विभिन्न देशका गरी करिब एक हजार पाँचसय प्रतिनिधि सहभागी छन् । यहाँ सहभागी हुने पर्यटकलाई लुम्बिनी तथा त्यस आसपासका सम्बन्धित क्षेत्र महत्वपूर्ण गन्तव्य बनेका छन् । मायादेवी मन्दिरलगायत, बेबी बुद्धको मूर्ति राखिएको स्थान, शान्तिदीप, विश्वशान्ति स्तूपलगायत शान्त वातावरणमा मन पराउने पर्यटकका लागि यो

*बाँकी तीन पृष्ठमा*

# एनआरएनएमा एकता : आजको आवश्यकता

**शेष घले**

काठमाडौं, २१ फागुन (रासस) ।

विदेशमा बस्ने नेपालीहरूको साझा संस्था गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) यतिबेला असहज अवस्थामा छ । १०औं महाधिवेशनका क्रममा चर्किएको विवाद ११औं महाधिवेशनमा आइपुग्दा थप तिक्ततापूर्ण देखियो । सङ्घको विभिन्न तहमा नेतृत्व चुन्न गराइएका निर्वाचनको विश्वसनीयताबारे प्रश्नहरू उठे र केही साथीहरूको मन विभाजित हुनपुग्यो । यसले गर्दा एनआरएनए अभियानमा ठूलो धक्का लागेको छ ।

सन् २००३ मा नेपाल बाहिर रहेका नेपालीहरू भेला भएर जुन लक्ष्य र उद्देश्यअनुसार सङ्घको स्थापना गरियो, पछिल्लो समय त्यो लक्ष्य र उद्देश्यअनुरुप संस्थाले अघि बढ्न सकेको देखिँदैन । विधानमा भएको व्यवस्थाअनुरुप अघि बढ्न नसक्दा समस्याहरू जेलिँदै गएका छन् । संस्थाप्रति नै नैराश्यता पैदा गराउने किसिमका गतिविधिले विश्वभरि फैलिएका लाखौं प्रवासी नेपालीका मुद्दाहरूले प्राथमिकता पाउन सकेको छैनन् । एनआरएनएहरूबीच भावनात्मक एकता र सामूहिक सहकार्यको अभावमा समसामयिक एवम् नियमित रुपमा अघि बढाउनुपर्ने मुद्दाहरू थाती रहेको अवस्था छ । यसका कारण विदेशमा सिकेको ज्ञान, सीपलाई स्वदेशमा भित्र्याउन र लगानी गर्नका लागि जटिलता पैदा भइरहेको छ ।

यस्ता सबै किसिमका मतभेद र मनभेदलाई अन्त्य गरेर सङ्घलाई लयमा फर्काउन सम्मानित सर्वोच्च अदालतले २०८० चैत २१ गते एकताको महाधिवेशन गर्न आदेश दियो । अदालतको फैसलाको छ महिनापछि २३ अक्टोबर २०२४ मा उच्चस्तरीय समितिलाई परराष्ट्र मन्त्रालयबाट निर्देशन प्राप्त भयो । सामूहिक जिम्मेवारी र स्पष्टता सुनिस्चित गर्न उक्त निर्देशन उच्चस्तरीय समितिका सबै सदस्यहरूलाई पठाइएको थियो । उक्त निर्देशन प्राप्त भएको ३० दिनभित्र १९ नोभेम्बर २०२४ मा उच्चस्तरीय समितिको पहिलो बैठक बस्यो । त्यस सँगसँगै ६ महिनाभित्र अन्तर्राष्ट्रिय साधारणसभा आयोजना गर्नु पर्ने समयावधि पनि सुरु भयो ।

**प्रगतिको मार्गचित्र**

उच्चस्तरीय समितिले पूर्णता पाएसँगै करिब एक दर्जन बैठकहरू बसी एकताको महाधिवेशनको मार्गचित्र कोरिएका छन् । विश्वभरका एनआरएनएहरू निरन्तर संवादमा छन् र एकताको महाधिवेशनमार्फत संस्थालाई वैधानिक र लोकतान्त्रिक पद्दतिमा हिडाउन आतुर छन् । सर्वोच्च अदालतको परमादेश र फैसला कार्यान्वयन निर्देशनालयले हालै गरेको पत्राचारका आधारमा परराष्ट्र मन्त्रालयले कानुन मन्त्रालयको सिफारिसमा एकजना सरकारी प्रतिनिधि पनि तोकिदिएकाले कामलाई अगाडि बढाउन सहजता मिलेको छ । परमादेशको निर्णय खण्डको बुँदा नम्बर छ मा उल्लेख भएको विषयले पनि पूर्णता पाएकाले अब विधिवत रुपमा अधिवेशनमार्फत एनआरएन एकताका लागि अगाडि बढ्न कुनै अवरोध छैन ।

विश्वभरका एनआरएनए सदस्यहरूलाई नेपालमै आएर प्रत्यक्ष मतदान प्रक्रियामार्फत नयाँ नेतृत्व चयन गर्न हामीले आह्वान गरेका छौं । सम्मानित सर्वोच्च अदालतले यसअघि नै संस्थाको विवाद, सदस्यता, नवीकरण र निर्वाचनमा भएको अनियमिततालाई गहिरो रुपमा अध्ययन गरेरै परमादेश दिएकाले सोही अनुसार अघि बढेमा मात्र संस्थामा एकता कायम गर्दै अगाडि बढ्न सक्ने अवस्था छ ।

एनआरएनए परराष्ट्र मन्त्रालयमा दर्ता भएको संस्था भएकाले राष्ट्रिय समन्वय परिषद (एनसीसी) हरूसँग समन्वय र सहकार्य मात्र गर्ने हो, नियन्त्रण गर्न खोज्नु सान्दर्भिक हुँदैन । उच्चस्तरीय समितिले ३१ मार्च २०२५ भित्र सङ्घको सदस्य बन्न योग्य सबै एनआरएनहरूलाई सदस्यताका लागि आवेदन दिन वा आफ्नो सदस्यता नवीकरण गर्न आह्वान गरेको छ । आगामी अप्रिल १५ सम्म एनसीसीहरूले अधिवेशन गरेर उच्चस्तरीय समितिलाई जानकारी मात्र गराए पुग्छ । एनआरएनएको अधिवेशन गर्न एनसिसीको अधिवेशन जरुरी पर्दैन तर आपसी समझदारी एवम् सल्लाह चाहिँ हुनपर्छ ।

एकता महाधिवेशन बिना अब एनआरएनहरूबीच भावनात्मक र सामूहिक सहकार्य हुने अवस्था देखिदैन । यतिबेला अदालतको पहिलो र दोस्रो फैसलालाई आफूखुशी व्याख्या गर्ने परिपाटीले समस्या निम्त्याइरहेको छ । अदालतको फैसला र परमादेशलाई तथ्यगत रुपमा व्याख्या नगरी आफूखुशी व्याख्या गरेर गैर आवासीय नेपालीहरूलाई रनभुल्लमा पार्ने प्रयास गरिएको छ । यद्यपि, अदालतको फैसलालाई राम्रोसँग अध्ययन गरेर काम गर्दा कुनै किसिमको द्विविधामा बसिरहनुपर्ने अवस्था देखिदैन । एनआरएन विवादका सम्बन्धमा न्यायाधीशद्वय सपना प्रधान मल्ल र नहकुल सुवेदीको इजलासले फैसला सुनाउँदा नै सात बुँदामा जारी गरेको परमादेशले स्पष्ट रुपमा एकताको महाधिवेशन गराउन आदेश दिएको छ ।

उच्चस्तरीय समितिले समितिको पहिलो बैठक बसेको मितिले छ महिनाभित्र सङ्घको सदस्यता, निर्वाचन तथा अधिवेशन प्रतिनिधि छनोटलगायत सम्बद्ध सम्पूर्ण विवादको समाधान गरी एकतापूर्ण महाधिवेशन गर्न/गराउन अख्तियारी दिएकाले यसमा पनि कुनै संशय लिनुपर्ने अवस्था छैन । हामीले हाम्रो काम परराष्ट्र मन्त्रालयको तर्फबाट गरिरहेका छौं भन्ने कुरा महत्वपूर्ण छ । सर्वोच्च अदालतको आदेश पालना गर्दै हामीले कानुनको शासन तथा सुशासन पालना गर्न नेपाल सरकारलाई पनि सघाइ रहेका छौं ।

**एउटा ऐतिहासिक अवसर**

अहिलेको समय गैरआवासीय नेपाली सङ्घका लागि एउटा ऐतिहासिक अवसर हो । लामो समयदेखि गैरआवासीय नेपाली सङ्घ एउटा बलियो आधार बिना नै काम गर्दै आइरहेको छ ।

हाम्रो ध्येय भनेको गैरआवासीय नेपाली सङ्घलाई कानुनको शासन, निष्पक्षता, पारदर्शिता र लोकतन्त्रका सिद्धान्तहरूमा उभिएको सदस्यतामा आधारित संस्थामा रुपान्तरण गर्नु हो । यो प्रक्रिया एउटा लोकतान्त्रीकरणको प्रयास पनि हो, जसले संस्थाको भविष्य निर्धारित गर्न हरेक सदस्यलाई एउटा आवाज दिनेछ । यी रुपान्तरणलाई मूर्तरुप दिन एउटा नयाँ विधान मस्यौदा गरिनेछ । यो विधानले उत्थानशील तथा सुदृढ गैरआवासीय नेपाली सङ्घ निर्माण गर्न जगको काम गर्नेछ ।

वास्तवमा एनआरएनएमा निष्पक्षता, पारदर्शिता तथा प्रजातान्त्रिक सुशासन सुनिश्चित गर्नका लागि सर्वोच्च अदालतले दिएको 'म्यान्डेट' नै पर्याप्त छ । 'कानुनको शासन' पालना गर्नुपर्ने विश्वव्यापी मान्यताअनुरुप एनआरएनए अभियन्ताहरू पनि यसबाट अलग हुन सक्दैनन् ।

अदालतको आदेशलाई आफू अनुकूल परिभाषा गर्ने प्रवृत्तिले संस्थालाई बलियो बनाउँदैन । गत अप्रिल २०२४ मा सर्वोच्च अदालतको संक्षिप्त फैसला र पछि प्राप्त पूर्णपाठसहितको फैसला स्पष्ट र निर्देशनात्मक थिए र तिनमा कुनै पनि अस्पष्टता थिएन । एनआरएनएभित्र रहेका पद्धतिगत मुद्दाहरूलाई सम्बोधन गर्ने तथा छ महिनाभित्र अन्तरराष्ट्रिय साधारण सभा (आइजीए) आयोजना गर्ने भनेर प्रष्ट र बुझिने भाषामा स्पष्ट पारिएकाले अब कुनै संशय लिइरहनुपर्ने देखिँदैन ।

हाम्रो जिम्मेवारी भनेको कानुनी निर्देशन पूरा गर्ने मात्रै नभएर यो एउटा दिगो तथा प्रजातान्त्रिक संस्था निर्माण गर्नका लागि दरिलो ढाँचा निर्माण गर्ने अवसर पनि हो । सदस्यता वितरण र नवीकरणको पाटो सँगसँगै अघि बढिसकेकाले संस्थालाई रुपान्तरण गर्ने अवसर आएको छ । लोकतान्त्रिक सिद्धान्तमा उभिएको सदस्यतामा आधारित संस्थामा रुपान्तरण गर्नुपर्ने चुनौतीका बीच हामी यो प्रयासमा इमान्दारीपूर्वक लागेका छौं ।

**सबैको बाटो एउटै**

संस्थाको आधारस्तम्भ भनेका सदस्यहरू हुन् । त्यसैले विधानमा भएको स्पष्ट व्यवस्था अनुरुप हरेक मुलुकमा विद्यमान सदस्यता नवीकरणका साथै नयाँ सदस्यता खोलिएको, महाधिवेशनमा भाग लिन चाहने सदस्यहरूले आफ्नो इच्छा व्यक्त गर्ने अवसर प्रदान गरिसकिएकाले एकताको महाधिवेशनले खुड्किलो चढिसकेको छ । आउँदो कैयौं दशकसम्म क्रियाशील रहन सक्ने गैरआवासीय नेपाली सङ्घ निर्माण गर्नको लागि आधारभूमि तयार भइसकेको अवस्था छ । झन्डै चार हजार प्रतिनिधि अधिवेशनमा सहभागी बन्ने अपेक्षाअनुसार काम भइरहेकाले यसबाट नेपालको पर्यटन उद्योगमा रु ५० करोड बराबरको सामूहिक योगदान प्राप्त हुने अपेक्षा गरिएको छ ।

विश्वभरका एनआरएन मित्रहरूले बुझ्नुपर्ने कुरा के छ भने सर्वोच्चको परमादेशमा कुनै किसिमको अस्पष्टता छैन । परराष्ट्र मन्त्रालयले हामीलाई स्पष्ट दिशानिर्देश गरेको छ । सर्वोच्च अदालतको २०८० चैत २१ गतेको आदेशलाई अरु कुनै पनि फैसलाले निषेध नगरेको, नेपाल सरकारको सहयोगमा उक्त आदेश कार्यान्वयनको प्रक्रियामा रहेको र यससँग बाझिने अरु कुनै आदेश वा फैसला नभएकाले महाधिवेशनमा सहभागिता जनाउन कोही, कसैले वैधानिक अप्ठ्यारो महसुस गर्नै पर्दैन । त्यस्तै उच्चस्तरीय समितिको पदावधि १८ मे २०२५ मा सकिने भएकाले आगामी मे महिना भित्रै एकताको महाधिवेशन गर्नुपर्ने 'म्यान्डेट' छ । एकताको महाधिवेशन टार्न सक्ने कुनै वैधानिक आधार हामीसँग छैन । त्यसैले तोकिएको मिति २०२५ मे ३ देखि ५ मा काठमाडौंमा भेला भएर संस्थालाई एकताबद्ध बनाउन र नयाँ लोकतान्त्रिक पद्धतितर्फ डोर्याउन उच्चस्तरीय समितिको तर्फबाट सम्पूर्ण मित्रहरूमा यसै लेखमार्फत अपिल गर्दछु । *(लेखक एनआरएनएका पूर्वअध्यक्ष तथा एनआरएनए उच्चस्तरीय समितिका अध्यक्ष हुनुहुन्छ)*

---

***विश्व शान्ति...***

क्षेत्र निकै उपयुक्त छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहबाट लाखौंको सङ्ख्यामा तीर्थालु, तथा अध्येताहरु सो स्थानमा आउने गरेका छन् ।

बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिका अध्यक्ष फुपु छेम्वे शेर्पाले आध्यात्मिक ज्ञानमार्फत प्राप्त हुने सकारात्मक ऊर्जाले विश्वमा शान्ति भई सबैले सुख पाउने विश्वास व्यक्त गर्दै उक्त समारोहको सन्देश सम्पूर्ण मानव समुदायका लागि प्रभावकारी हुने बताउनुभयो । ईपू ६२३ मा लुम्बिनीमा मायादेवीको गर्भबाट गौतम बुद्धको जन्म भएको हो भने जन्मस्थानलाई कलात्मक शैलीको मायादेवी मन्दिर मन्दिर बनाइएको छ । मन्दिर परिसरमा बाहिर अखण्डदीप छ, त्यसलाई शान्ति दीप पनि भनिन्छ ।

यस क्षेत्रमा रहेको सेक्रेट गार्डेन, स्तूप क्षेत्र, पुरातात्विक सम्पदास्थल, मन्दिरको अवलोकन गर्न तथा बुद्धका जीवनीसँग सम्बन्धित खोज तथा अनुसन्धानका लागि लुम्बिनी आसपास क्षेत्र बौद्ध तीर्थालु, अनुसन्धानकर्ता, पर्यटक, कूटनीतिज्ञले भ्रमण गर्ने गरेका छन् । गौतम बुद्धका सन्देश आध्यात्मिकता, शान्ति, विश्व बन्धुत्व र करुणा, झल्किने वातावरणको सिर्जना गर्न सहयोग पुग्ने लुम्बिनी क्षेत्रमा थेरवादी र महायानी बौद्धमार्गीका अलग अलग विहार तथा गुम्बा छन् । यहाँ दुर्लभ पंक्षी संरक्षण गर्ने उद्देश्यले सारस संरक्षण केन्द्र पनि स्थापना गरिएको छ ।

---

## विश्व समाचार

### ट्रम्प : जेलेन्स्की रूससँग वार्ता र खनिज सम्झौता गर्न तयार

वासिङ्टन, २१ फागुन (रासस/एएफपी) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मङ्गलबार युक्रेनका नेता भोलोदिमर जेलेन्स्की ह्वाइट हाउसमा भएको झडपको केही दिनपछि रुससँग वार्ता गर्न र अमेरिकी खनिज सम्झौतालाई अन्तिम रूप दिन तयार रहेको बताउनुभएको छ । "मैले युक्रेनका राष्ट्रपति जेलेन्स्कीबाट एउटा महत्त्वपूर्ण पत्र प्राप्त गरेँ, पत्रमा लेखिएको छ, 'युक्रेन स्थायी शान्ति नजिक ल्याउन सकेसम्म चाँडो वार्ताको टेबलमा आउन तयार छ । युक्रेनीहरूभन्दा बढी कसैले शान्ति चाहँदैनन्'", ट्रम्पले कंग्रेसलाई सम्बोधन गर्दै भन्नुभयो, "उहाँले भन्नुभयो, 'मेरो टोली र म राष्ट्रपति ट्रम्पको दृढ नेतृत्वमा स्थायी शान्ति प्राप्त गर्न तयार छौं, हामी अमेरिकाले युक्रेनको सम्प्रभुता र स्वतन्त्रता कायम राख्न गरेको सहयोगलाई धेरै महत्त्व दिन्छौं' ।"

यसअघि मङ्गलबार जेलेन्स्कीले शुक्रबार उहाँहरूका बीचको विवादपछि ट्रम्पसँग 'कुरा सुधार गर्न' चाहेको बताउनुभएको थियो । ओभल अफिसमा उपराष्ट्रपति जेडी भान्सले जेलेन्स्कीलाई अमेरिकी सहायताप्रति कृतघ्न भएको आरोप लगाउनुभएको थियो भने ट्रम्पले युद्धरत नेतालाई 'खेल्ने कुनै कार्ड छैन' भन्दै आलोचना गर्नुभएको थियो । जेलेन्स्की युक्रेनी खनिज स्रोतहरूमा नियन्त्रण सुरक्षित गर्न अमेरिकालाई ट्रम्पद्वारा गरिएको सम्झौतामा हस्ताक्षर नगरी नै प्रस्थान गर्नुभएको थियो । पछि ट्रम्प प्रशासनले तीन वर्षअघि रुसले आक्रमण गरेको युक्रेनलाई सबै सैन्य सहायता स्थगित गरेको बताएको थियो । "खनिज र सुरक्षासम्बन्धी सम्झौताका सन्दर्भमा युक्रेन कुनै पनि समयमा तपाईंका लागि सुविधाजनक हुने गरी हस्ताक्षर गर्न तयार छ, उहाँले यो पत्र पठाएकोमा म आभारी छु, यो केही समयअघि मात्रै प्राप्त भयो", विपक्षी डेमोक्रेटिक पार्टीका धेरै सांसदले आफ्नो ल्यापेलमा अमेरिकी र युक्रेनी झण्डा लगाएका कंग्रेसलाई सम्बोधन गर्दै ट्रम्पले भन्नुभयो, "साथै हामीले रुससँग गम्भीर छलफल गरेका छौं र उनीहरू शान्तिका लागि तयार छन् भन्ने बलियो सङ्केत प्राप्त गरेका छौं, के त्यो सुन्दर हुँदैन ?"

### काबुल विमानस्थल आक्रमणकारी पक्राउ परेको ट्रम्पको भनाइ

वासिङ्टन, २१ फागुन (रासस/एएफपी) ।

अस्तव्यस्त अमेरिकी सेनाको फिर्तीका क्रममा काबुल विमानस्थल बाहिर सन् २०२१ को घातक आत्मघाती बम विस्फोटका लागि जिम्मेवार इस्लामिक स्टेटका एक कार्यकर्तालाई पक्राउ गरिएको राष्ट्रपति डोनाल्ड ट्रम्पले मङ्गलबार बताउनुभएको छ । सन् २०२१ अगस्ट २६ मा अफगानिस्तानबाट भाग्ने प्रयास गर्दा बमवर्षकले खचाखच भरिएको भिडको बीचमा एउटा उपकरण विस्फोट गरेको थियो । विस्फोटमा सुरक्षा परिधिमा रहेका करिब एक सय ७० अफगान र १३ अमेरिकी सैनिक मारिएका थिए । सन् २०२३ अप्रिलमा ह्वाइट हाउसले अफगानिस्तानको नयाँ तालिबान सरकारले गरेको कारबाहीमा आक्रमणको षड्यन्त्रमा संलग्न इस्लामिक स्टेटका एक अधिकारी मारिएको घोषणा गरेको थियो । मङ्गलबार दोस्रो कार्यकालका लागि ह्वाइट हाउस फर्केपछि काङ्ग्रेसलाई आफ्नो पहिलो सम्बोधनमा ट्रम्पले पाकिस्तानले 'त्यस अत्याचारका लागि जिम्मेवार शीर्ष आतङ्कारी' को गिरफ्तारीमा सहयोग गरेको घोषणा गर्नुभयो । "र उ अहिले अमेरिकी न्यायको तीव्र तरवारको सामना गर्न यहाँ आउँदै छ", उहाँले आफ्ना पूर्ववर्ती जो बाइडेनको 'अफगानिस्तानबाट विनाशकारी र अयोग्य फिर्ती' प्रति कटाक्ष गर्दै भन्नुभयो । उहाँले पाकिस्तानलाई 'यस राक्षसलाई पक्राउ गर्न मद्दत गरेकामा' धन्यवाद दिनुभयो तर सन्दिग्ध वा पक्राउ कारबाहीको कुनै विवरण दिनुभएन । अमेरिकी समाचार प्लेटफर्म एक्सियोसको एक रिपोर्टले संदिग्धलाई जाफर पनि भनेर चिनिने अफगानिस्तान र पाकिस्तानमा इस्लामिक स्टेट शाखाका नेता मोहम्मद सरिफुल्लाह भनेर पहिचान गरेको छ । दुई अज्ञात अमेरिकी अधिकारीहरूलाई उद्धृत गर्दै एक्सियोसले सरिफुल्लाहलाई पाकिस्तानबाट संयुक्त राज्य अमेरिकामा सुपुर्दगी गर्ने प्रक्रियामा रहेको र बुधबार आइपुग्ने अपेक्षा गरिएको बताए ।

### 'अमेरिका इज ब्याक' : ट्रम्प

वासिङ्टन, २१ फागुन (रासस/एएफपी) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सत्तामा फर्किएपछि पहिलो पटक अमेरिकी कङ्ग्रेस (संसद्)लाई सम्बोधन गर्दै 'अमेरिका फर्किएको' घोषणा गर्नुभएको छ । आफ्नो कट्टरपन्थी नीतिको प्रशंसा गर्दै डेमोक्र्याटिक पार्टीको शत्रुताको सामना गरेपनि युक्रेनमा सफलताको घोषणा गर्नुभएको छ । राष्ट्रपति ट्रम्पले अर्बपति सल्लाहकार एलन मस्कले संघीय कर्मचारीतन्त्रमाथि गरेको विवादास्पद हस्तक्षेपको बारम्बार प्रशंसा गर्दै भन्नुभयो, "मेरो प्रशासन भर्खर सुरु हुँदैछ ।"

सन् २००० मा बिल क्लिन्टनको 'स्टेट अफ द युनियन'को भाषणको लम्बाईलाई रेकर्ड तोडेको एक घण्टा ४० मिनेट लामो भाषणमा ट्रम्पले भन्नुभयो, 'अमेरिकी सपना अजेय छ । जेम्स ट्रस्लो एडम्स द्वारा १९३१ मा महामन्दी को समयमा लोकप्रिय भएको 'अमेरिकन ड्रिम्स' भनेको संयुक्त राज्य अमेरिकाको कथित राष्ट्रिय लोकाचारलाई जनाउने वाक्यांश हो । यसको अर्थ अमेरिकी प्रत्येक व्यक्तिसँग सफल हुने र राम्रो जीवन प्राप्त गर्ने स्वतन्त्रता र अवसर छ भन्ने हो । लगभग हरेक वाक्यांशसँगै रिपब्लिकन पार्टीका सदस्यहरूबाट ठूलो तालीको गडगडाहट पाएको उक्त सम्बोधनमा ट्रम्पले छुट्टाछुट्टै दुई पटक स्पेसएक्स र टेस्लाका मालिक मस्कको नाम उच्चारण गर्नुभएको थियो । सम्बोधनमा तालीको गडगडाहट कै केही मिनेटमै विपक्षी सांसदबाट विरोध गरिएको थियो । विरोधका क्रममा स्वास्थ्य सेवाका कार्यक्रमहरूलाई लिएर ट्रम्पको विरोध गरिरहेका डेमोक्र्याटहरूले चुपचाप 'झूटो', 'मस्कले चोरी गरे' र 'यो झूट हो' जस्ता प्लेकार्डहरू बोकेर सभा हलमा उभिएका थिए । विरोधको कुनै एक क्षणमा अधिकांश डेमोक्र्याटहरूले ट्रम्पले आफ्नो चुनावी हार स्वीकार गर्न अस्वीकार गरेको सन् २०२१ जनवरी ६ मा क्यापिटोलमा ट्रम्पका समर्थकहरूले हिंसात्मक आक्रमणको विगत कोट्याउने प्रयास गर्दै 'जनवरी ६' भनेर नारा लगाएका थिए । अठहत्तर वर्षीय राष्ट्रपति ट्रम्पले आफ्नो दोस्रो कार्यकालको पहिलो ६ हप्ताको प्रशंसा गर्दै अमेरिकी सरकारलाई नयाँ आकार दिन र युक्रेन युद्ध अन्त्यका लागि आफ्नो ध्रुवीकरणको प्रयास जारी राख्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# क्याम्पसको निमित्त प्रमुखमा रामअशिष नियुक्त



**दैनिक समाचारदाता**
**राजविराज, २१ फागुन ।**

महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पस राजविराजका उपप्राध्यापक रामअशिष यादव निमित्त क्याम्पस प्रमुखमा नियुक्त भएका छन् ।

त्रिभुवन विश्वविद्यालयले यादवलाई निमित्त क्याम्पस प्रमुखको जिम्मेवारी दिएको हो ।

तत्कालिन क्याम्पस प्रमुख सहप्रध्यापक राजिवकुमार मिश्रको पदावधि माघ २८ गते समाप्त भएदेखि क्याम्पस प्रमुख पद रिक्त रहेको थियो ।

निमित क्याम्पस प्रमुखको जिम्मेवारी प्राप्त गरेका यादवले बुधबार पदभार ग्रहण गरेका हुन् । यादवले पदभार ग्रहण गरेपछि क्याम्पसको शैक्षिक वातावरण सुधार गर्दै पठान पाठन नियमित गराउने प्रतिबद्धता जनाए ।

यसैबीच स्वतन्त्र विद्यार्थी युनियनद्वारा क्याम्पस प्रमुखको कक्षमा गरिएको तालाबन्दी पनि बुधबार नै सहमति पश्चात् खोलिएको छ ।

स्ववियु चुनाव समयमा सम्पन्न गर्ने, नियमित रूपमा सरसफाई गर्ने र पठनपाठनमा भइरहेको ढिलाई अभिलम्ब समाधान गर्ने, क्याम्पसको भत्किएको बाउन्ड्रीवाल निर्माण स्व.वि.यु चुनाव भन्दा पहिले गर्ने, गर्ल्स रेष्ट रुप अविलम्ब संचालन गर्ने र क्याम्पस हाताभित्र सुर्तीजन्य पदार्थहरू पूर्णरूपमा निषेध गर्ने सहमति पश्चात् उक्त ताला खोलिएको स्ववियु सभापति रन्जित यादवले जानकारी दिए ।

# पोल्ट्रीजन्य वस्तुको अवैध आयात रोक्न मुख्यमन्त्री सिंहको निर्देशन



जनकपुर, २१ फागुन (रासस) ।

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले सीमा नाकाबाट हुने पोल्ट्रीजन्य वस्तुको अवैध आयातमा रोक लगाउन प्रदेशका सुरक्षा अधिकारीहरूलाई निर्देशन दिनुभएको छ ।

उहाँले विभिन्न नाकाबाट अवैध रुपमा भित्रिने अण्डा, चल्ला, तयारी कुखुरा, कुखुराको मासु, क्रेट, कार्टुन र भ्याक्सिनको ओसारपसार नियन्त्रण गर्न मधेस प्रहरी प्रमुख लालमणि आचार्य र सशस्त्र प्रहरी बल मधेस प्रदेश छिन्नमस्ता बाहिनी नम्बर नं २ मुख्यालयका प्रमुख कालीदास धौबजीलाई बुधबार निर्देशन दिनुभएको हो ।

सस्तो मूल्यमा गुणस्तरीय र पोषणयुक्त कुखुराको अण्डा तथा मासु उपलब्ध गराइरहेको नेपालको पोल्ट्री व्यवसाय भारतबाट अवैध रूपमा भित्रिने पोल्ट्रीजन्य वस्तुका कारण सङ्कटग्रस्त हुन थालेको र भारतका विभिन्न प्रान्तमा देखापरेका बर्डफ्लु भित्रिने जोखिम उच्च रहेकाले पोल्ट्रीजन्य पदार्थको अवैध आयात नियन्त्रण गर्नुपर्ने माग राख्दै नेपाल लेयर्स कुखुरापालक सङ्घले बुधबार मुख्यमन्त्री सिंहको ध्यानाकर्षण गराएको थियो ।

कुखुरापालक व्यावसायीले देशको कुल गार्हस्थ उत्पादनमा तीन प्रतिशत हिस्सा ओगटेको र प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा पाँच लाख व्यक्तिलाई रोजगार दिएको पोल्ट्री क्षेत्रको संरक्षण तथा प्रवर्द्धनका लागि पोल्ट्रीजन्य पदार्थको अवैध आयात रोकिनुपर्ने माग राखेका थिए ।

मुख्यमन्त्री सिंहले पोल्ट्रीजन्य पदार्थको खुला बिक्रीवितरणमा साना पुँजी भएका व्यक्तिहरूको संलग्नता रहेकाले चेतनामूलक कार्यक्रमका साथ नियन्त्रण प्रयास हुनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "अवैध आयात नियन्त्रण गर्न त्यसरी आयातीत वस्तुको बिक्रीवितरण निषेधमा जोड दिनुपर्छ । यसका लागि साना व्यापारीमा अवैध तरिकाले भित्रिएका पोल्ट्रीजन्य पदार्थबाट जनस्वास्थ्यमा पर्नसक्ने नकारात्मक असर बारे चेतना जागृत गर्नुपर्छ ।"

उहाँले योजनाबद्ध तरिकाले पोल्ट्रीजन्य वस्तुको अवैध आयात रोक्न सुरक्षा अधिकारीहरूलाई निर्देशन दिँदै त्यस्ता वस्तुको अवैध आयात हुने नाका र क्षेत्र पहिचान गरी प्रहरी परिचालन गर्नुपर्ने बताउनुभयो ।

नेपालको पोल्ट्री व्यवसायमा रु एक खर्ब ६० अर्ब लगानी रहेको नेपाल लेयर्स कुखुरापालक सङ्घले जनाएको छ ।

# 'सरकारले ल्याएको अध्यादेशको औचित्य पुष्टि हुने आधार छैन'

काठमाडौँ, २१ फागुन (रासस) ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा प्रतिपक्षी दलका सांसदहरूले सरकारले औचित्य पुष्टि हुने गरी अध्यादेश नल्याएको बताउनुभएको छ ।

सांसद भानुभक्त जोशीले 'सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ लाई अस्वीकार गरियोस्' भन्ने सूचना प्रस्तुत गर्नुभएपछि सांसद शिशिर खनालले सरकारले औचित्य पुष्टि नगरे अध्यादेश पारित गर्न नसकिने बताउनुभयो । कानुन बनाउने संसद्को अधिकार भएकाले यसको संरक्षण गरिनुपर्ने उहाँको भनाइ थियो ।

सांसद रेखा शर्माले राष्ट्रिय परिचयपत्र अनिवार्य गरिए पनि परिचयपत्र सहज रूपमा दिने व्यवस्था नगरिएको बताउनुभयो । योगमाया आयुर्वेद विश्वविद्यालयको नाम परिवर्तन गर्ने विषय उपयुक्त नभएको उहाँको भनाइ थियो ।

सांसद प्रेम सुवालले स्वास्थ्य बिमा गरेकालाई अविलम्ब पैसा दिनुपर्ने, सार्वजनिक जग्गा कब्जा गर्नेलाई कारबाही गर्नुपर्ने भनाइ राख्नुभयो । सरकारले गर्नुपर्ने काम नगरी नगर्नुपर्ने कामतिर अग्रसर भएको उहाँले बताउनुभयो ।

सांसद सुमना श्रेष्ठले संसद्ले सर्वसम्मत पारित गरेको मिटरब्याजसम्बन्धी कानुन कार्यान्वयन नगर्ने गृहमन्त्रीलाई के कारबाही गर्ने भनी प्रश्न राख्नुभयो । शिक्षा ऐन पारित गरेपछि शिक्षा क्षेत्रका सबै समस्या समाधान हुने भनी हौवा फिँजाइएको उहाँले बताउनुभयो ।

# अमेरिकाले आधिकारिक कागज नभएका नेपालीलाई नेपाल फर्कायो

काठमाडौँ, २१ फागुन (रासस) ।

अमेरिकाले आधिकारिक कागजात नभएका नेपालीलाई स्वदेश फर्काएको छ । 'चार्टर्ड 'जहाजमार्फत उनीहरूलाई बुधबार बिहान नेपाल फर्काइएको हो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका प्रवक्ता रिन्जी शेर्पाका अनुसार नेपाली बोकेर आएको अमेरिकी वायुसेवा कम्पनी ग्रिफोन एयरको जहाज गल्फजेटस्ट्रिम बिहान १० बजेर १५ मिनेटमा काठमाडौँ विमानस्थलमा अवतरण गरेको थियो । जहाजमा चालकदलसहित १४ जना सवार रहेको जनाइएको छ ।

चार्टर्ड जहाज अमेरिकाको न्यु ह्याम्पसर राज्यको पोर्टसमाउथ अन्तर्राष्ट्रिय विमानस्थलबाट बीचमा टेक्निकल ल्यान्डिङ' भएर सिधै काठमाडौँ अवतरण गरेको हो । जहाज अवतरणपछि अध्यागनले आवश्यक प्रक्रिया थाल्ने प्रवक्ता शेर्पाले बताउनुभयो । जहाज भोलि बिहीबार दिउँसो ३ बजे अल्बानिया हुँदै अमेरिका फर्कने विमानस्थलले जनाएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दोस्रो कार्यकाल सम्हालेयता नियमित अन्तर्राष्ट्रिय उडानबाट आधिकारिक कागजात नभएका नेपाली घरफर्किरहेका छन् ।

# पुरोहितलाई नियमन गरिँदै : अब पुराण वाचक गर्न अनुमतिपत्र लिनुपर्ने

काठमाडौँ, २१ फागुन (रासस) ।

पुराण वाचक, ज्योतिषी कर्म गर्ने र कर्मकाण्ड गर्ने ब्राह्मणको परीक्षा लिएर अनुमतिपत्र दिने तयारी सुरु भएपछि नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिमा प्रशिक्षण लिनेको भीड लागेको छ ।

प्रशिक्षण लिन चाहनेको भीड लागेपछि यही महिनाको अन्तिमदेखि छ महिने कार्यक्रम सुरु गर्न लागिएको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले जानकारी दिनुभयो । ज्योतिष र कर्मकाण्ड प्रशिक्षण लिन चाहनेहरू समितिमा आएर सोधपुछ गर्न थालेपछि सूचना निकालेर यही महिनाको अन्तिमदेखि प्रशिक्षण दिन लागिएको हो । समितिमा आफैं खोजी गर्दै २० जना प्रशिक्षार्थी आएको समितिले जनाएको छ ।

प्रशिक्षण लिन चाहनेमध्ये महिला र अपाङ्गलाई छुट्को व्यवस्था पनि गर्न लागिएको उहाँले सुनाउनुभयो । ज्योतिष प्रशिक्षण लिन भने जनजाति र दलित पनि आउने गरेको समितिले जनाएको छ । कर्मकाण्ड प्रशिक्षणमा भने महिलाको पनि रुचि हुने गरेको छ ।

छ महिने प्रशिक्षणको रु १५ हजार शुल्क तोकिएको कार्यकारी निर्देशक ढुङ्गेलले बताउनुभयो । यसमा थप परीक्षा शुल्क पनि लिइने जनाइएको छ । कथावाचक, ज्योतिषी र कर्मकाण्ड गर्ने पुरोहितलाई नियमन गर्न, करको दायरामा ल्याउन पनि अनुमतिपत्र लिनुपत्र उपयुक्त हुने भनी तयारी भइरहेको समितिका अध्यक्ष प्रा श्रीकृष्ण अधिकारीले बताउनुभयो ।

# अमेरिकाले फर्काइदिएका नेपाली 'सोधपुछ'का लागि प्रहरी जिम्मामा

काठमाडौँ, २१ फागुन (रासस) ।

आधिकारिक कागजात नभएका अवस्थामा नियन्त्रणमा लिई संयुक्त राज्य अमेरिकाले नेपाल फर्काइ दिएका आठ नेपाली नागरिकलाई थप 'सोधपुछ'का लागि नेपाल प्रहरीको जिम्मा लगाइएको छ ।

अमेरिकाको 'चार्टड' विमानबाट काठमाडौँस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल आइपुगेका उनीहरूलाई अध्यागमक प्रक्रिया पुरा गरी सोधपुछका लागि प्रहरीको जिम्ममा लगाइएको विमानस्थलस्थित अध्यागमन कार्यालयले जनाएको छ ।

आठ जना नेपाली अमेरिकाको चार्टड विमानबाट काठमाडौँ फर्काइएका हुन् । अर्का एक नेपाली पनि बुधबारै कतार एयरवेजको नियमित उडानबाट 'डिपोर्ट' भएर काठमाडौँ आइपुगेको विमानस्थलस्थित अध्यागमन कार्यालयका अध्यागमन अधिकृत यज्ञराज अर्यालले पुष्टि गर्नुभयो ।

यसअघि अमेरिकाबाट २७ नेपाली डिपोर्ट भएर फर्किइसकेका छन् । "हामीले अध्यागमन प्रक्रिया पूरा गरेर उहाँहरूलाई पठायौँ", अधिकृत अर्यालले राससमसँग भन्नुभयो, "चार्टट विमानबाट आउनुभएका आठ जनाका सम्बन्धमा नेपाल प्रहरीले सोधपुछका लागि पठाइदिन आग्रह गरेकाले प्रहरीको जिम्मा लगाएका छौँ ।"

## *संगठित अपराध ...*

सप्तरी युथका कार्यबाहक अध्यक्ष मोहन कुमार यादवको नेतृत्वमा बुझाइएको ज्ञापनपत्रमा हालै मात्र राजविराजस्थित एक गोदामबाट लागुऔषध गाँजा ठुलो मात्रामा फेला परेको घटनापछि प्रभावकारी अनुसन्धान, सुरक्षा सुधार तथा दोषीमाथि कानुनी कारवाहीको माग गरिएको छ ।

बुझाएको ज्ञापनपत्रमा सुरक्षा संयन्त्रलाई सुधार गर्दै समाजलाई लागुऔषधको चपेटाबाट बचाउनका लागि प्रभावकारी नीति तथा योजनाहरू तुरुन्त कार्यान्वयन गर्नुपर्ने जोड दिइएको छ ।

उक्त माग सम्बोधनमा प्रशासनले बेवास्ता गरे चरणबद्ध आन्दोलन गर्ने सप्तरी युथ नेपालद्वारा बुझाइएको ज्ञापनपत्रमा चेतावनी समेत दिएको छ ।

प्रमुख जिल्ला अधिकारी भोला दाहालले ज्ञापन पत्र बुझ्दै यस घटनाको निष्पक्ष छानबिन भइरहेको र संलग्न दोषीमाथि कडा कानुनी कारबाही गर्ने प्रतिबद्धता व्यक्त गर्दै सीमा सुरक्षामा कडाइ गर्दै भविष्यमा यस्ता घटना दोहोरिन नदिन सुरक्षा रणनीति पुनरावलोकन गर्ने आश्वासन दिए ।


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

**तिरहुत गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
सप्तरी, मधेश प्रदेश



**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*